# उपभोक्ता समिति गठन,योजना कार्यान्व्यन र योजनाको भुक्तानीको सन्दर्भमा जारी भएको निर्देशन

## उपभोक्ता समिति गठन प्रक्रिया

१. उपभोक्ता समिति गठनको लागी आम भेला हुने समय,मिति ,स्थान र भेलाको विषय वारे भेला हुने मितिले कम्तीमा ३ तीन दिन अगावै सार्वजनिक रुपमा सम्वन्धित वडा कार्यालयवाट लाभान्वीत वर्गहरुको जानकारिको लागी सुचना प्रकाशन गर्नुपर्ने

२ योजनावाट प्रत्यक्ष लाभान्वीत हुने उपभोक्ताहरुको आम भेलावाट वडा स्तरको योजनाको हकमा वडा अध्यक्ष वा निजले तोकेको सदस्य,कर्मचारीको अध्यक्षतामा वा गाउँ स्तरीय योजनाको हकमा गाउँपालिकाले तोकेको पदाधिकारी,सदस्य,कर्मचारीको अध्यक्षतामा लाभान्वीत वर्गहरुको अधिकतम सहभागितामा सम्वन्धित योजना स्थलमा नै ७ देखी ११ जनासम्मको उपभोक्ता समिति गठन गर्नुपर्ने

३. लाभान्वीत वर्गहरुको भेलामा संचालन हुने योजना वारे वडा कार्यालय वा गाउँपालिकाले खटाईएका पदाधिकारी,सदस्य कर्मचारीले जानकारी गराउनुपर्नेछ ।

४ उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नुपर्ने छ । समितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनुपर्ने र समितिको अध्यक्ष,सचिव र कोषाध्यक्ष मध्ये एक जना महिला पदाधिकारी हुनुपर्ने छ ।

५. एक व्यक्ती एक भन्दा वढी उपभोक्ता समितिमा रहन पाउने छैन साथैं संगोलका परिवारवाट एक जना भन्दा वढी व्यक्ती उपभोक्ता समितिको सदस्य हुन पाउने छैन ।

६. उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपस्थित उपभोक्ताहरुको वहुमतवाट उपभोक्ता समितिको गठन हुनेछ ।

७. उपभोक्ता समितिले सम्झौता वमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नुपर्ने छ । अन्य कुनै निर्माण व्यावसायी वा अन्य व्यक्ती वा संस्थालाई ठेक्कामा दिई काम गराउन पाउने छैन ।

८. उपभोक्ता समितिको सदस्य हुन देहाय वमोजिम योग्यता भएको हुनुपर्नेछ ।

८क. सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा

८ख. १८ वर्ष पुरा भएको नेपाली नागरिक

८ग. फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको

८घ. सरकारी वाकी वक्यौता वा पेश्की फछ्यौंट गर्न वाकी नरहेको

८ङ. अन्य उपभोक्ता समितिको सदस्य नरहेको

९. उपभोक्ता समितिको पदाधिकारी सदस्यमा जनप्रतिनिधी,राजनैतिक दलका पदाधिकारी,वहालवाला सरकारी कर्मचारी,शिक्षक उपभोक्ता समितिमा रहन पाउने छैन ।

## उपभोक्ता समितिले सम्झौता गर्दा पेश गर्नुपर्ने कागजातहरु

१. उपभोक्ता समितिमा रहने पदाधिकारी सदस्यहरुको नागरिकताको फोटोकोपी १ एक प्रतिका दरले

राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत